शिवालय गाउँपालिकाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३

# शिवालय गाउँपालिका


## जाजरकोट

## कर्णाली प्रदेश, नेपाल

<u>स्वीकृति</u>

**-शिवालय गाउँपालिकाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ को अधीनमा रही तयार गरिएको हो। उक्त योजना शिवालय गाउँ कार्यपालिकाको मिति **२०८३/०३/०५** गते बसेको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।

शिवालय गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# शिवालय गाउँपालिकाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपाल मनसुनजन्य विपद्को उच्च जोखिममा रहेको मुलुक हो। प्रत्येक वर्ष मनसुनका कारण बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक अवरोध, महामारी तथा अन्य विपद्का घटनाबाट जनधनको क्षति हुने गरेको छ। जलवायु परिवर्तनका कारण यस्ता विपद्का घटना थप जटिल तथा चुनौतीपूर्ण बन्दै गएका छन्।

शिवालय गाउँपालिका जाजरकोट जिल्लाको पहाडी क्षेत्रमा अवस्थित १३४ वर्ग किलोमिटर क्षेत्रफल भएको स्थानीय तह हो। गाउँपालिकामा ९ वटा वडा रहेका छन्। गाउँपालिकाभित्र छेडा खोला, भिउस खोला, नेपा खोला, डुङ्ग्रा खोला, रोकायजाँत खोला लगायतका खोला तथा नालाहरू रहेका छन् भने अधिकांश भू—भाग भिरालो र पहिरोको दृष्टिले संवेदनशील रहेको छ। गाउँपालिकाभित्र बाढी, पहिरो, चट्याङ्ग, आगलागी तथा महामारीजन्य विपद्को जोखिम विद्यमान रहेको छ। मनसुन अवधिमा सडक अवरुद्ध हुने, यातायात सेवा प्रभावित हुने, आधारभूत सेवा प्रवाहमा कठिनाइ उत्पन्न हुने तथा जनधनको क्षति हुने अवस्था रहँदै आएको छ।

यस प्रकारका सम्भावित जोखिमको प्रभावकारी व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई व्यवस्थित गर्न यो योजना तयार गरिएको हो।

### १.२ उद्देश्य

यस योजनाको मुख्य उद्देश्य मनसुनजन्य विपद्बाट हुन सक्ने मानवीय, भौतिक तथा आर्थिक क्षतिलाई न्यून गर्दै प्रभावकारी पूर्वतयारी, प्रतिकार्य, समन्वय तथा स्रोतसाधन परिचालन सुनिश्चित गर्नु हो।

विशेष उद्देश्यहरू देहाय बमोजिम रहेका छन्—

क) मनसुनजन्य विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्य सञ्चालन गर्ने।

ख) खोज तथा उद्धार, राहत वितरण तथा आपतकालीन सेवाको प्रभावकारी व्यवस्थापन गर्ने।

ग) जोखिमयुक्त समुदाय, सार्वजनिक सम्पत्ति तथा पूर्वाधारको संरक्षण गर्ने।

घ) विभिन्न निकायबीच समन्वय तथा सूचना आदानप्रदानलाई व्यवस्थित गर्ने।

ङ) प्रभावित नागरिकलाई शीघ्र, प्रभावकारी तथा समन्वित सेवा उपलब्ध गराउने।

### १.३ कानुनी आधार

यो योजना देहायका कानुनी तथा नीतिगत व्यवस्थालाई आधार मानी तयार गरिएको छः

- नेपालको संविधान, २०७२
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा सम्बन्धी मार्गदर्शन

- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३
- नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी विपद् व्यवस्थापन सम्बन्धी प्रचलित नीति, योजना, मापदण्ड तथा निर्देशनहरू।

### १.४ योजना अवधि

यो योजना २०८३ सालको मनसुन अवधि (असारदेखि असोज मसान्तसम्म) कार्यान्वयनमा रहनेछ। आवश्यकता अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयबाट अद्यावधिक वा परिमार्जन गर्न सकिनेछ।

## २. गाउँपालिकाको संक्षिप्त परिचय तथा जोखिम अवस्था

शिवालय गाउँपालिका जाजरकोट जिल्लाको पहाडी भू—भागमा अवस्थित स्थानीय तह हो। गाउँपालिकाको कुल क्षेत्रफल १३४ वर्ग किलोमिटर रहेको छ र प्रशासनिक रूपमा ९ वटा वडामा विभाजित रहेको छ। अधिकांश भू—भाग पहाडी, भिरालो तथा भू—क्षयको दृष्टिले संवेदनशील रहेको छ।

गाउँपालिकाभित्र छेडा खोला, भिउस खोला, नेपा खोला, डुङ्ग्रा खोला, रोकायजाँत खोला लगायतका खोलानालाहरू रहेका छन्। मनसुन अवधिमा ती खोलाहरूमा बहाव वृद्धि भई बाढी, कटान तथा पहिरोको जोखिम रहने गर्दछ। हरलापानी, ठाडासिरा, तिदुखोला, काफलगैरी, डुङ्ग्रा, नेपा, लयकाँडा, सिमाचौर, वडिगडी, टोटीखोला, धौलाखोला, काउला, लोतपाखा, चित्रे, स्याँलागाउँ, बुर्दा, थानवाडा, लिस्पानी, दह, खाँडागाउँ, ज्यामिरगैरा, दुनी तथा फाब्रे लगायतका क्षेत्रहरू बाढी तथा पहिरोको दृष्टिले बढी जोखिमयुक्त रहेका छन्।

त्यसैगरी ठुलोपाखा, चुली, ढडमेला, छहरेखोला, जलुके, पैह्रा, ताँगा, गुराँसे, चिनेकम्द, चिन्तेडाँडा, भिउथापा तथा नाहाडा क्षेत्र आगलागीको दृष्टिले संवेदनशील रहेका छन्। वडा नं. १ को वडा कार्यालय आसपास, साल्घरी, कोसेटाकुरा, ताँगा, घोडाछाल, काउला, दम्सीलडाँडा, लिस्पानी, नान्ने तथा वडाकाँडा क्षेत्र चटयाङ्गको जोखिममा रहेका छन्।

मनसुन अवधिमा झाडापखाला, हैजा तथा अन्य पानीजन्य रोगको जोखिम समेत रहने भएकाले स्वास्थ्य क्षेत्रको विशेष तयारी आवश्यक रहेको छ।

गाउँपालिकाको मुख्य सडक सञ्जाल अन्तर्गत छेडा—कचाली सडक, बालुवा—बडाँकाडाँ सडक, मैलतडा—लिस्पानी सडक, ढिकाले—जुँगा सडक, कल्याण—भिउस सडक, कल्याण—थाला सडक, ढिकाले—टाटा—देउली सडक, शिवालय—सिमा—राख्म सडक, शिवालय—खनेटा—लयकाँडा सडक तथा मोर्क—आले सडक रहेका छन्। मनसुन अवधिमा यी सडकहरूमा पहिरो तथा सडक अवरोधको जोखिम रहने भएकाले विशेष निगरानी आवश्यक रहेको छ।

## ३. संस्थागत व्यवस्था

मनसुनजन्य विपद्को प्रभावकारी व्यवस्थापनका लागि स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, वडा विपद् व्यवस्थापन समिति,वडा कार्यालय, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायहरू परिचालन गरिनेछन्।

स्थानीय विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापन सम्बन्धी नीति, निर्णय, समन्वय तथा स्रोत परिचालनको नेतृत्व गर्नेछ। स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) ले सूचना सङ्कलन, विश्लेषण, समन्वय, सूचना प्रवाह तथा प्रतिवेदन व्यवस्थापन गर्नेछ। प्रत्येक वडा कार्यालयले स्थानीय स्तरमा जोखिम अनुगमन, सूचना व्यवस्थापन, उद्धार तथा राहत कार्यमा सहयोग पुर्‍याउनेछ।

विपद्को अवस्था सिर्जना भएमा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई आवश्यकता अनुसार मनसुन प्रतिकार्य कमाण्ड पोस्ट स्थापना तथा सञ्चालन गरिनेछ।

## ४. अन्तरनिकाय समन्वय तथा सहयोग

मनसुनजन्य विपद्को प्रभावकारी पूर्वतयारी, प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण तथा पुनःस्थापनाका कार्यहरू सञ्चालन गर्न गाउँपालिकाले आवश्यकता अनुसार संघीय, प्रदेश तथा जिल्ला तहका सरकारी निकाय, सुरक्षा निकाय, स्वास्थ्य संस्था, विकास साझेदार, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था, निजी क्षेत्र, छिमेकी स्थानीय तह तथा स्थानीय समुदायसँग समन्वय, सहकार्य र स्रोतसाधन परिचालन गर्नेछ। विपद्को प्रकृति तथा गम्भीरताका आधारमा स्थानीय स्रोतसाधन अपर्याप्त भएमा सम्बन्धित निकायसँग थप जनशक्ति, प्राविधिक सहयोग, उपकरण, राहत सामग्री तथा आर्थिक सहायता माग गरी परिचालन गरिनेछ।

## ५. मनसुन पूर्वतयारी योजना

मनसुनजन्य विपद्को प्रभाव न्यून गर्न मनसुन प्रारम्भ हुनुअघि आवश्यक पूर्वतयारीका कार्यहरू सञ्चालन गरिनेछन्।

मौसम पूर्वानुमान, बाढी पूर्वसूचना तथा विपद्सम्बन्धी सूचना नियमित रूपमा प्राप्त गरी सम्बन्धित वडा, समुदाय तथा सरोकारवाला निकायहरूलाई समयमै जानकारी गराइनेछ। जोखिमयुक्त क्षेत्रहरूको नियमित अनुगमन गरी आवश्यक सतर्कता अपनाइनेछ।

विपद् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। खोज तथा उद्धारमा संलग्न हुन सक्ने सुरक्षा निकाय, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा स्थानीय समुदायलाई तयारी अवस्थामा राखिनेछ।

जोखिमयुक्त बस्तीहरूमा रहेका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती तथा सुत्केरी महिला लगायत संवेदनशील समूहहरूको विवरण अद्यावधिक गरी आवश्यक परेमा उद्धार तथा स्थानान्तरणका लागि पूर्वतयारी गरिनेछ।

उपलब्ध उद्धार सामग्री, उपकरण तथा राहत सामग्रीको व्यवस्थापन तथा अद्यावधिक गरिनेछ। विपद्को समयमा प्रयोग गर्न सकिने खुला क्षेत्र, सुरक्षित आश्रयस्थल तथा सार्वजनिक भवनहरूको तयारी अवस्था सुनिश्चित गरिनेछ।

झाडापखाला, हैजा तथा अन्य पानीजन्य रोगको सम्भावित जोखिमलाई ध्यानमा राखी स्वास्थ्य सामग्री, औषधि तथा सरसफाइ सामग्रीको आवश्यक व्यवस्था मिलाइनेछ।

मनसुन अगावै जोखिमयुक्त सडक, नाला तथा पानी निकास क्षेत्रहरूको निरीक्षण तथा सरसफाइ गरी सम्भावित जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछन्।

## ६. मनसुन प्रतिकार्य योजना

विपद्सम्बन्धी सूचना प्राप्त हुनासाथ स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सक्रिय गरिनेछ र आवश्यक जनशक्ति तथा स्रोतसाधन परिचालन गरिनेछ। घटनाको प्रकृति, प्रभाव तथा आवश्यकताको आधारमा सम्बन्धित निकायहरूसँग समन्वय गरी खोज तथा उद्धार कार्य सञ्चालन गरिनेछ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा स्थानीय समुदायको सहकार्यमा जोखिममा परेका व्यक्तिहरूको उद्धार तथा सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ। आवश्यकतानुसार अस्थायी आश्रय स्थल सञ्चालन गरिनेछ।

खोज, उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरण, अस्थायी आवास व्यवस्थापन तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्दा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, दीर्घरोगी तथा अन्य विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिहरूलाई प्राथमिकताका साथ सेवा प्रदान गरिनेछ। यस्ता व्यक्तिहरूको पहिचान, संरक्षण, आवश्यक सहयोग तथा सुरक्षित व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

प्रभावित परिवारको विवरण सङ्कलन गरी प्रचलित मापदण्ड बमोजिम राहत वितरण गरिनेछ। स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ तथा महामारी नियन्त्रण सम्बन्धी सेवा उपलब्ध गराइनेछ।

विपद्पछिको क्षति विवरण सङ्कलन, प्रतिवेदन तयारी तथा सम्बन्धित निकायमा सूचना सम्प्रेषण गर्ने कार्य स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रमार्फत गरिनेछ।

## ७. सडक तथा यातायात व्यवस्थापन योजना

मनसुन अवधिमा पहिरो, भू—क्षय, सडक कटान तथा खोलामा पानीको बहाव बढ्ने कारण गाउँपालिकाभित्रका सडकहरू प्रभावित हुन सक्ने सम्भावना रहन्छ। मुख्य सडक सञ्जालको नियमित निगरानी गरिनेछ तथा जोखिमयुक्त सडक खण्डहरूमा विशेष ध्यान दिइनेछ।

सडक अवरोध भएको अवस्थामा स्वास्थ्य संस्था, सुरक्षा निकाय, वडा कार्यालय तथा प्रमुख बस्ती जोड्ने सडकलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। आवश्यकतानुसार गाउँपालिकाको ब्याक हो लोडर तथा उपलब्ध अन्य मेसिनरी परिचालन गरिनेछ।

जोखिमयुक्त सडक खण्डमा आवश्यक सूचना, चेतावनी तथा निगरानीको व्यवस्था गरी यात्रु तथा सर्वसाधारणको सुरक्षालाई प्राथमिकता दिइनेछ।

## ८. जिम्मेवारी तथा कार्ययोजना

| क्र.सं. | निकाय | मुख्य जिम्मेवारी |
|---|---|---|
| १. | स्थानीय विपद् व्यवस्थापन समिति | समग्र नेतृत्व, निर्णय तथा समन्वय |
| २. | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र | सूचना व्यवस्थापन, समन्वय तथा प्रतिवेदन |

| | | |
|---|---|---|
| ३. | वडा विपद् व्यवस्थापन समिति/वडा कार्यालय | स्थानीय अनुगमन, सूचना तथा समुदाय परिचालन |
| ४. | सुरक्षा निकाय | खोज तथा उद्धार तथा सुरक्षा व्यवस्थापन |
| ५. | स्वास्थ्य संस्था | उपचार तथा महामारी नियन्त्रण |
| ६. | प्राविधिक शाखा | सडक तथा पूर्वाधार अनुगमन |
| ७. | नेपाल रेडक्रस सोसाइटी तथा साझेदार संस्था | स्वयंसेवक परिचालन, राहत तथा मानवीय सहयोग |

**प्रमुख कार्यहरू**

- जोखिमयुक्त क्षेत्रको नियमित अनुगमन तथा अद्यावधिक।
- पूर्वसूचना तथा जनचेतना कार्यक्रम सञ्चालन।
- उद्धार तथा राहत सामग्री तयारी अवस्थामा राख्ने।
- स्वास्थ्य तथा महामारी निगरानी।
- सडक तथा पूर्वाधारको नियमित निरीक्षण।
- आवश्यकताअनुसार खोज तथा उद्धार तथा राहत परिचालन।

## ९. आपतकालीन सम्पर्क विवरण

स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, गाउँपालिका पदाधिकारी, कर्मचारी, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायहरूको अद्यावधिक सम्पर्क विवरण यस योजनाको अभिन्न अङ्गको रूपमा राखिनेछ तथा आवश्यकतानुसार अद्यावधिक गरिनेछ।

## १०. उपलब्ध स्रोतसाधन

गाउँपालिकामा उपलब्ध विपद् व्यवस्थापन सामग्री, उपकरण, स्वास्थ्य सामग्री, जनशक्ति, स्वयंसेवक, सवारी साधन, मेसिनरी तथा अन्य स्रोतसाधनको विवरण स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक अभिलेखको रूपमा राखिनेछ।

विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त स्वयंसेवक, स्वास्थ्यकर्मी, सुरक्षा निकाय तथा उपलब्ध उपकरणहरूलाई आवश्यकता अनुसार परिचालन गरिनेछ।

विपद् व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको सुनिश्चितता गर्न गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषमा प्रचलित कानुन बमोजिम न्यूनतम रु. १० लाख रकम मौज्दात रहने व्यवस्था गरिनेछ। विपद्को अवस्था सिर्जना भएमा उक्त कोषबाट तत्काल आवश्यक उद्धार, राहत तथा प्रतिकार्यका कार्यमा खर्च गरिनेछ।

## ११. अनुगमन तथा समीक्षा

यस योजनाको कार्यान्वयनको समग्र अनुगमन स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ। स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रले नियमित रूपमा सूचना सङ्कलन, अभिलेखीकरण तथा प्रतिवेदन गर्नेछ।

मनसुन अवधिको समाप्तिपछि योजनाको कार्यान्वयन अवस्था, उपलब्धि, चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरूको समीक्षा गरी आवश्यक सुधार गरिनेछ।

## १२. स्वीकृति तथा कार्यान्वयन

यो योजना शिवालय गाउँ कार्यपालिकाको मिति**२०८३ साल असार ५ गते** बसेको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालय, विषयगत शाखा, सुरक्षा निकाय, स्वास्थ्य संस्था, नेपाल रेडक्रस सोसाइटी, साझेदार संस्था तथा स्थानीय समुदायले आ—आफ्नो क्षेत्राधिकारभित्र रही आवश्यक समन्वय, सहकार्य तथा जिम्मेवारी निर्वाह गर्नेछन्।

## अनुसूची—१

## आपतकालीन सम्पर्क विवरण

| क्र.सं. | निकाय/पद | नाम | सम्पर्क नं. | वैकल्पिक सम्पर्क | कै. |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | शेर बहादुर शाही | ९८४३०५८००५ | ०८९-५९४६०० | |
| २. | गाउँपालिका उपाध्यक्ष | गिता शतही | ९८५१३२३१२१ | ०८९-५९४६०० | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | गोपाल शाहि | ९८५८०८४५२२ | ०८९-५९४६०० | |
| ४. | LEOC सम्पर्क व्यक्ति | उदय बहादुर राना | ९८६८११३९७५ | ०८९-५९४६०० | |
| ५. | सूचना अधिकारी | भद्र बहादुर शाही | ९७४९२६३८१३ | ०८९-५९४६०० | |
| ६. | स्वास्थ्य शाखा प्रमुख | कृष्ण बहादुर बुढा | ९८६८१०९२६७ | ०८९-५९४६०० | |
| ७. | एम्बुलेन्स चालक | दिपक बुढा | ९७६७८९०८०० | ०८९-५९४६०० | |
| ८. | ब्याक हो लोडर चालक | सुरेन्द्र विक्रम शाही | ९८४९३६१०४७ | ०८९-५९४६०० | |
| ९. | इलाका प्रहरी कार्यालय, सिमा | विक्रम बहादुर चौधरी | ९८५८०८१२३५ | ०८९-५९४१०१ | |
| १०. | सीमा स्वास्थ्य चौकी | भिम प्रसाद शर्मा | ९८६८१४९५९२ | | |
| ११. | थालारैकर स्वास्थ्य चौकी | हरी प्रसाद पोखेल | ९८६८९३५१३२ | | |
| १२. | जुँगाथाचौर स्वास्थ्य चौकी | महेनद्र ढुंगाना | ९८६८२२२०६१ | | |
| १३. | १ नं. वडा स्वास्थ्य केन्द्र | मान बहादुर राना | ९८६७९३६५४५ | | |
| १४. | २ नं. वडा स्वास्थ्य केन्द्र | तेज बहादुर बस्नेत | ९८६४१४९४७२ | | |
| १५. | ४ नं. वडा स्वास्थ्य केन्द्र | गोरखा बहादुर बुढा | ९७६८८८८५२० | | |
| १६. | ६ नं. वडा स्वास्थ्य केन्द्र | महेन्द्र शाही | ९८४८०७५४२४ | | |
| १७. | ८ नं. वडा स्वास्थ्य केन्द्र | बिर बहादुर बस्नेत | ९८६८२९६८७१ | | |
| १८. | ९ नं. वडा स्वास्थ्य केन्द्र | अमृता कुमारी बुढा बस्नेत | ९७४४३८२८१२ | | |
| १९. | नेपाल रेडक्रस सोसाइटी | जस्वीर वली | ९८५८०६५११२ | | |
| २०. | नेरेसो सुधार परियोजना | शैलेश श्रेष्ठ | ९८६६९०५०७० | | |
| २१. | वडा नं. १ अध्यक्ष | नर बहादुर राना | ९७४२५८७३४० | | |
| २२. | वडा नं. २ अध्यक्ष | कर्ण बहादुर वली | ९८६६२३२९३ | | |
| २३. | वडा नं. ३ अध्यक्ष | बुद्धिमान बुढा | ९८५४०५१२९३ | | |
| २४. | वडा नं. ४ अध्यक्ष | शिवलाल रेग्मी | | | |
| २५. | वडा नं. ५ अध्यक्ष | गोपाले दमाई | ९७४२२६४९७७ | | |
| २६. | वडा नं. ६ अध्यक्ष | धन बहादुर बुढा | ९७४२२५५७५१ | | |
| २७. | वडा नं. ७ अध्यक्ष | टाइरेन्ट शाही | ९८४२३२०६२२ | | |
| २८. | वडा नं. ८ अध्यक्ष | जस्वीर वली | ९८५८०४७०९६ | | |
| २९. | वडा नं. ९ अध्यक्ष | दिपक खड्का | ९८४८०७७९८६ | | |

अनुसूची—२

## उपलब्ध स्रोतसाधन तथा उपकरण विवरण

### (क) विपद् व्यवस्थापन सामग्री

| क्र.सं. | सामाग्रीहरुको नाम | परिमाण | रहेको स्थान | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | टेन्ट | ४ थान | LEOC | राम्रो | |
| २. | डोरी | ७ रोल | LEOC | राम्रो | |
| ३. | प्लाष्टीक | ४ रोल | LEOC | राम्रो | |
| ४. | सानो टेन्ट | २ थान | LEOC | राम्रो | |
| ५. | त्रीपाल | ३३ थान | LEOC | राम्रो | |
| ६. | हेल्मेट | १२ थान | LEOC | राम्रो | |
| ७. | सप्पल | ३ थान | LEOC | राम्रो | |
| ८. | गल सप्पल | २ थान | LEOC | राम्रो | |
| ९. | प्यूस | १ पेटी | LEOC | राम्रो | |
| १०. | पन्जा | १२ जोडी | LEOC | राम्रो | |
| ११. | पलाष्टीक वाल्टीन | ४० थान | LEOC | राम्रो | |
| १२. | पलाष्टीक जग | २० थान | LEOC | राम्रो | |
| १३. | सीटी | ८ थान | LEOC | राम्रो | |
| १४. | स्ट्रेचर सिधा वाला | २ थान | LEOC | राम्रो | |
| १५. | स्ट्रेचर फोल्डिङ्ग | १० थान | LEOC | राम्रो | |
| १६. | सिलिपिङ्ग ब्याग | २० थान | LEOC | राम्रो | |

### (ख) सवारी साधन तथा मेसिनरी

| क्र.सं. | विवरण | संख्या | चालक/सम्पर्क | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | एम्बुलेन्स | १ | ९७६७८९०८०० | ठिकै | |
| २. | ब्याक हो लोडर | १ | ९८४९३६१०४७ | ठिकै | |
| ३. | ट्र्याक्टर | - | | - | |
| ४. | अन्य (पालिका वस) | १ | | ठिकै | |

### (ग) जनशक्ति विवरण

| क्र.सं. | जनशक्तिको प्रकार | संख्या | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १. | स्वास्थ्यकर्मी | २८ | कृष्ण बहादुर बुढा | ९८६८१०९२६७ |
| २. | स्वयंसेवक | २२५ | उदय बहादुर राना | ९८६८११३९७५ |
| ३. | तालिम प्राप्त उद्धारकर्मी | ८ | विक्रम बहादुर चौधरी | ९८५८०८१२३५ |
| ४. | सुरक्षाकर्मी | २७ | विक्रम बहादुर चौधरी | ९८५८०८१२३५ |
| ५. | अन्य (विपद् स्वयंसेवक व्यूरो) | २७ | उदय बहादुर राना | ९८६८११३९७५ |

## अनुसूची—३
## राहत वितरण अभिलेख

| क्र.सं. | लाभग्राहीको नाम | ठेगाना | परिवार संख्या | राहत सामग्रीको विवरण | परिमाण | वितरण मिति | बुझिलिनेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

**राहत वितरण सम्बन्धी विवरण**

- विपद्को प्रकारः
- प्रभावित क्षेत्रः
- वितरण गरिएको मितिः
- वितरण गर्ने निकायः
- उपस्थित प्रतिनिधिहरूः

## अनुसूची–४

## प्रारम्भिक क्षति विवरण फाराम (Initial Damage Assessment)

१. घटनाको मितिः

२. घटनाको समयः

३. घटनास्थलः

४. विपद्को प्रकारः

५. क्षतिको विवरणः

| मानवीय क्षति | | भौतिक क्षति | | कैफियत |
|---|---|---|---|---|
| **विवरण** | **संख्या** | **विवरण** | **संख्या** | |
| मृत्यु | | पूर्ण क्षति भएका घर | | |
| बेपत्ता | | आंशिक क्षति भएका घर | | |
| घाइते | | विद्यालय | | |
| प्रभावित परिवार | | स्वास्थ्य संस्था | | |
| विस्थापित परिवार | | सडक | | |
| | | पुल | | |
| | | खानेपानी आयोजना | | |
| | | अन्य | | |

६.अनुमानित क्षति रकमः

७.तत्काल आवश्यक सहयोगः

तयार गर्नेः

नामः

पदः

मितिः

## अनुसूची—५
## मनसुन अवधिको अन्तिम प्रगति प्रतिवेदन ढाँचा

### १. सामान्य विवरण

- प्रतिवेदन अवधिः
- पालिकाः
- जिल्लाः
- प्रतिवेदन पेश गर्ने निकायः

### २. मनसुन अवधिमा भएका प्रमुख विपद्का घटनाहरू

| क्र.सं. | मिति | स्थान | विपद्को प्रकार | प्रभाव |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

### ३. क्षतिको विवरणः

| मानवीय क्षति | | भौतिक क्षति | | कैफियत |
|---|---|---|---|---|
| विवरण | संख्या | विवरण | संख्या | |
| मृत्यु | | पूर्ण क्षति भएका घर | | |
| बेपत्ता | | आंशिक क्षति भएका घर | | |
| घाइते | | विद्यालय | | |
| प्रभावित परिवार | | स्वास्थ्य संस्था | | |
| विस्थापित परिवार | | सडक | | |
| | | पुल | | |
| | | खानेपानी आयोजना | | |
| | | अन्य | | |

### ४. सञ्चालन गरिएका प्रमुख गतिविधिहरू

- पूर्वसूचना प्रवाह
- जनचेतना कार्यक्रम
- खोज तथा उद्धार
- राहत वितरण
- स्वास्थ्य तथा सरसफाइ
- सडक खुलाउने कार्य
- अन्य

### ६. परिचालन गरिएका स्रोतसाधन

७. प्रमुख उपलब्धि

८. समस्या तथा चुनौती

९. आगामी सुधारका क्षेत्र

तयार गर्नेः
प्रमाणित
गर्नेः
मितिः